# सूचना
# मेरो अधिकार

त्रैमासिक बुलेटिन

/rtinepal /suchanaayog

वर्ष ४ | अङ्क ३ | माघ - चैत्र (२०८०)



यस भित्र



'सूचनाको हक लोकतन्त्रको गहना': जिसस प्रमुख पौडेल

पृष्ठ ५



सुदूरपश्चिम प्रदेशलाई सूचनाको हकमा उदाहरणीय बनाउने मुख्यमन्त्री शाहको प्रतिबद्धता

पृष्ठ १४


## सुशासन र पारदर्शिताका लागि सूचनाको हक अपरिहार्य : सभापति थापा



संघीय संसद् प्रतिनिधिसभा अन्तर्गतको शिक्षा तथा सूचना प्रविधि समितिका सभापति माननीय अम्मर बहादुर थापाले सूचनाको हक लोकतान्त्रिक विधिलाई बलियो बनाउन अपरिहार्य विषय भएको बताउनु भएको छ। राष्ट्रिय सूचना आयोगको आयोजनामा चैत्र २५ गते काठमाडौंमा आयोजित सूचनाको हक कार्यान्वयनमा महासंघहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथि सभापति थापाले सूचनाको हकको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु पर्नेमा जोड दिनु भयो। राज्यको स्रोत साधन खर्च गरेर भइरहेका विकास निर्माण कार्य के-कसरी भइरहेका छन् ? तिनीहरुको सही र समुचित प्रयोग भइरहेको छ कि छैन भनेर आमनागरिकले सूचनाको हकको प्रयोग गरेर जान्न र बुझ्न जरुरी रहेको धारणा पनि सभापति थापाले व्यक्त गर्नु भयो।

नेपालको संविधान लिखित रुपमा संसारकै उत्कृष्ट रहे पनि कार्यान्वयनमा कमी कमजोरी रहेको बताउँदै देशको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्रको गुणस्तरीय विकास हुनु पर्नेमा सभापति थापाले जोड दिनु भयो। सुशासन र पारदर्शिताका लागि सूचनाको हकको प्रयोगले महत्वपूर्ण योगदान दिन सक्ने भएकोले यसको कार्यान्वयन र प्रवर्द्धनमा महासंघहरुको उल्लेख्य भूमिका रहने धारणा पनि सभापति थापाले व्यक्त गर्नु भयो।

कार्यक्रमको अध्यक्षता गर्नुभएका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङले नागरिकका हक अधिकारको सुनिश्चित गर्न, सार्वजनिक निकायलाई उत्तरदायी र जवाफदेही बनाई सुशासन कायम राख्न सूचनाको हकको महत्वपूर्ण भूमिका रहने हुँदा सोको सुनिश्चितताका लागि महासंघहरुले आ–आफ्ना सञ्जालमार्फत् नागरिक तहमा पुग्न सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नु भएको थियो।

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले 'सूचनाको हक : कानुनी व्यवस्था, अभ्यास र महासंघहरुको भूमिका' विषयमा प्रस्तुतीकरण गर्दै सूचनाको हकको ऐतिहासिक तथा सैद्धान्तिक पक्ष तथा संवैधानिक र कानुनी व्यवस्थाका बारेमा विस्तृत चर्चा गर्नु भएको थियो। नेपालको संविधानको धारा २७ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्था तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा रहेका मुख्य प्रावधानबारे चर्चा गर्दै सार्वजनिक निकाय हुनुको नाताले सूचनाको हकको कार्यान्वयन तथा प्रबर्द्धनमा महासंघहरुबाट उल्लेख्य भूमिका निर्वाह हुने अपेक्षा गरिएको सूचना आयुक्त मैनालीले बताउनु भयो।



सार्वजनिक निकाय हुनुको नाताले महासंघहरुबाट सुशासन तथा पारदर्शिता कायम गर्न निर्वाह हुनसक्ने भूमिकाबारे चर्चा गर्दै नेपालमा जे गरे पनि केही हुँदैन भनेर निर्माण गर्न खोजिएको भाष्यलाई परिवर्तन गर्न सूचनाको हकको प्रयोग अचूक अस्त्र हुन सक्ने र त्यसका लागि महासंघहरुले अहम् भूमिका निर्वाह गर्न सक्नेमा सूचना आयुक्त मैनालीले जोड दिनु भयो। सार्वजनिक निकायबाट प्रवाह हुने सेवालाई चुस्तदुरुस्त बनाउन सकिए नागरिक तहमा रहेका निराशालाई तोड्न सकिने बताउँदै त्यसका लागि सूचनाको हकको प्रयोग प्रभावकारी हुन सक्ने धारणा पनि उहाँले व्यक्त गर्नु भयो।

नेपालमा सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था, आयोगमा प्राप्त निवेदन, उजुरी र पुनरावेदनको स्थिति, सूचनाको हकको कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपाय, सूचना प्रवाह र सुशासनका लागि आयोगबाट भएका कार्यबारे विस्तृत चर्चा गर्दै विभिन्न महासंघहरुबाट सूचनाको हकको प्रबर्द्धनमा निर्वाह हुनसक्ने फरक-फरक भूमिकाबारे पनि सूचना आयुक्त मैनालीले चर्चा गर्नु भएको थियो। सूचनाको हकको प्रयोगबाट प्राप्त भएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना प्रसङ्ग उल्लेख गर्दै सूचनाको हकको प्रयोगबाट दिगो विकास लक्ष्य हासिल गर्न मद्दत हुने धारणा पनि सूचना आयुक्त मैनालीले व्यक्त गर्नु भयो।

कार्यक्रममा सहभागी विभिन्न महासंघका अध्यक्ष तथा प्रतिनिधि सहभागीहरुले कार्यक्रम अत्यन्तै लाभदायी भएको बताउँदै यस किसिमका कार्यक्रमले निरन्तरता पाउनु पर्ने आवश्यकता औंल्याउनु भएको थियो। कार्यक्रमबाट सूचनाको हकको कार्यान्वयन र आयोगसँग सहकार्यसहित यसको प्रबर्द्धनमा पनि महासंघहरुबाट सकारात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता सहभागीबाट व्यक्त भएका थिए। सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउने सन्दर्भमा विभिन्न रचनात्मक सल्लाह एवम् सुझाव पनि सहभागीबाट दिइएको थियो।

कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ट उपाध्यक्ष सरोज सिटौला, एफएनसीएसआईका अध्यक्ष उमेशप्रसाद सिंह, नेपाल केन्द्रीय उपभोक्ता सहकारी महासंघका अध्यक्ष टेकप्रसाद चौलागाईं, नेपाल केन्द्रीय उपभोक्ता सहकारी महासंघका सञ्चालक चन्द्र ठकुरी, दलित गैरसरकारी संस्था महासंघका राष्ट्रिय अध्यक्ष जसबहादुर वि.क. र वरिष्ट उपाध्यक्ष त्रिलोक चन्द विश्वास, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य गिरिराज अधिकारी, सामुदायिक वन उपभोक्ता महासंघकी महासचिव पार्वता गौतम, क्यान फ्रेडेरेशनका महासचिव चिरञ्जीवी अधिकारी र सदस्य विक्रान्त कार्की, साना तथा मझौला व्यवसायी महासंघ, नेपालका अध्यक्ष हरि पराजुली, सूचनाको हकका लागि राष्ट्रिय महासंघका केन्द्रीय अध्यक्ष उमिद वागचन्द, नेपाल निर्माण व्यवसायी महासंघका उपनिर्देशक निर्मल अर्याल, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघका अध्यक्ष अच्युत नेपाललगायतका सहभागीले जिज्ञासासहित सुझाव राख्नु भएको थियो।

कार्यक्रममा कार्यक्रममा सूचना आयुक्त कमला ओली थापा, नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल तथा विभिन्न महासंघका अध्यक्ष एवम् पदाधिकारी लगायत सञ्चारकर्मीको उपस्थिति रहेको थियो। कार्यक्रमका सहभागीहरुलाई राष्ट्रिय सूचना आयोगका सचिव होमप्रसाद लुइटेलले स्वागत गर्दै देशैभरि सञ्जाल भएका महासंघहरुको तत्परताले सूचनाको हकको कार्यान्वयन तथा प्रबर्द्धनमा सहजता आउने बताउनु भएको थियो। आयोगका शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नु भएको कार्यक्रममा ८५ जनाको सहभागिता रहेको थियो। ■




# ऐनले गोप्य राख्नुपर्छ भने बाहेकका सूचना सार्वजनिक गर्नुपर्छ : मुख्य न्यायाधीश निरौला

राष्ट्रिय सूचना आयोगद्वारा उच्च अदालत पाटनका न्यायाधीशहरुसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम २०८० साल चैत्र ९ मा सम्पन्न भयो। कार्यक्रम राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङको अध्यक्षता र उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश नृपध्वज निरौलाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

कार्यक्रममा आयोगका सूचना आयुक्त कमला ओली थापाले सूचनाको हकको कार्यान्वयनमा पुनरावेदन सम्बन्धी व्यवस्था र उच्च अदालत पाटनका माननीय न्यायाधीश हेमन्त रावलले Right to inmformation & its scope an Overview from Judicious mind विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश नृपध्वज निरौलाले सूचनाको हकसम्बन्धी ऐन अनुसार गोप्य राख्नु भनेर तोकिएबाहेकका सबै सूचना सार्वजनिक गर्नु पर्छ भन्ने धारणा व्यक्त गर्दै गलत मनसायले सूचना माग्ने प्रवृत्तिलाई निरुत्साहित गर्नेतर्फ पनि ध्यान दिन जरुरी रहेको बताउनु भयो। सूचनाको हकको उपयोगले बृहद् रुपमा शासकीय प्रणालीलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन मद्दत गर्ने प्रसङ्ग उल्लेख गर्दै मा. न्यायाधीश निरौलाले सूचनाको हकको प्रयोगका सर्न्दभमा आयोगमा पर्ने पुनरावेदनउपर आयोगले गर्ने निर्णय र त्यसउपर चित्त नबुझे उच्च अदालतमा पुनरावेदन गर्ने तथा न्यायिक प्रणालीका प्रक्रिया, सुनुवाइको मौकालगायतका विषयका बारेमा चर्चा गर्नु भएको थियो।

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङले दुवै कार्यपत्र अत्यन्तै महत्वपूर्ण रहेको भनाइ राख्नु हुँदै सूचनामा सार्वजनिक नागरिकको पहुँचका लागि राज्यले के-के गर्नुपर्छ र के-के गर्नु हुँदैन भन्ने विषयमा चर्चा गर्नु भयो। जुन देशमा सूचनाको हकको सही कार्यान्वयन भएको हुन्छ त्यो देशमा भ्रष्टाचारमा समेत कमी आउने प्रसङ्ग उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङले नेपालमा सूचनाको हकको कार्यान्वयनमा रहेका कमी/कमजोरी औंल्याउनु भएको थियो।

सूचनाको हकको प्रयोगबाट नेपालमा भएका सकारात्मक उपलब्धी र प्रभावबारे चर्चा गर्दै प्रमुख सूचना आयुक्त गुरुङले कार्यक्रमको उद्देश्य आयोग र उच्च अदालतबीचका असमझदारीलाई हटाउनु रहेको बताउनु भयो।

प्रमुख सूचना आयुक्त गुरुङले भन्नु भयो, ' नागरिकलाई कानुनका बारेमा ज्ञान नहुन सक्छ तर सार्वजनिक निकायसँग स्रोत, साधन, ज्ञान तथा सूचनाको हकसम्बन्धी विषय पढेर आएका कर्मचारी हुने भएकोले उनीहरुले त कुन सूचना दिन मिल्छ अथवा कुन दिन मिल्दैन भनेर अन्यौल पैदा भयो भनेर आनाकानी गर्छन् स्वाभाविक रुपमा आयोग सकभर नागरिककै पक्षमा उभिन्छ।




सार्वजनिक निकायबाट सूचनाको दुरुपयोग भयो भन्ने विषय उठ्ने गरेको र उजुरी पनि पर्ने गरेको तर प्रमाणित नभएको अवस्थाका बारेमा चर्चा गर्दै प्रमुख सूचना आयुक्त गुरूङले  दुरूपयोग प्रणाणित भएमा त्यस्तालाई कारवाही गर्न आयोग पछि नपर्ने बताउनु भयो ।

२०७८ सालमा आयोगद्वारा आयोजित यस्तै कार्यक्रममा प्रस्तुतीकरण गर्दै उच्च अदालत पाटनका तत्कालीन माननीय न्यायाधीश महेश पौडेलले उच्च अदालतको कार्यक्षेत्र आयोगबाट दफा ३२ बमोजिम भएको कारवाहीउपर मात्र हो अन्य नभएको बताउनु भएको प्रसङ्ग उल्लेख गर्दै उच्च अदालत पाटनले गत वर्ष आयोगले दफा १० बमोजिम गरेको आदेशमा पुनरावेदन दर्ता गर्दा दफा ३२ बमोजिम भएको कारवाहीमा मात्र पुनरावेदन लाग्ने व्यवस्था भएकोले प्राप्त पुनरावेदन खारेज गरेको प्रमुख सूचना आयुक्त गुरुङले स्मरण गर्नु भयो । यस वर्ष सम्मानित उच्च अदालत पाटनबाट आयोगबाट दफा १० बमोजिम गरेको आदेशउपर उच्च अदालत, पाटनमा परेको पुनरावेदन सुनुवाई गरी उल्ट्याएको अवस्थाले अन्योल उत्पन्न गरेको हुँदा सम्मानित उच्च अदालतले यस विषयमा स्पष्ट भई आदेश भएमा उपयुक्त हुने अनुरोध पनि प्रमुख सूचना आयुक्त गुरुङले गर्नु भयो ।

आयोगका सचिव होम प्रसाद लुइटेलले सहभागीलाई स्वागत गर्दै उच्च अदालत र आयोगबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउन, सूचनाको हकको कार्यान्वयनमा प्रभावकारिता ल्याउन, सूचना आयोगबाट सूचनाको हकको कार्यान्वयनका लागि भएका आदेश तथा फैसला लेखनमा थप स्पष्टता प्राप्त गर्न, फैसला तथा आदेशका लागि प्रमाण परीक्षणको विधि र प्रक्रियाका सम्बन्धमा थप स्पष्ट हुन कार्यक्रमले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रम आयोगका उपसचिव सुदर्शन ढकालले सञ्चालन गर्नु भएको थियो । ■

# ‘सूचनाको हक लोकतन्त्रको गहना’ : जिसस प्रमुख पौडेल



राष्ट्रिय सूचना आयोगको आयोजनामा कास्की जिल्लास्थित कार्यालयका प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी एवम् सरोकारवालासँग २०८० माघ १७ गते सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो। जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त रत्नप्रसाद मैनालीले गर्नु भएको थियो।

कार्यक्रममा आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकको व्यावहारिक प्रयोग तथा आयोगका सचिव होमप्रसाद लुइटेलले  सूचनाको हकको कार्यान्वयनमा कानुनी तथा पुनरावेदन सम्बन्धी व्यवस्थाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका जिल्ला अध्यक्ष विमला भण्डारीले सूचनाको हक महत्वपूर्ण हक भएको आफूहरुले सूचनाको हकका विषयमा गण्डकी प्रदेशलाई अन्य प्रदेशको तुलनामा धेरै अगाडि बढाउन चाहेको र सही सूचना प्रवाह हुन सके देशलाई समृद्ध बनाउन मद्दत पुग्ने धारणा व्यक्त गर्नु हुँदै सूचनाको हकलाई मजबुत बनाउन सके पारदर्शिता र सुशासन कायम गर्न मद्दत पुग्ने बताउनु भयो।

कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरले सूचनाको हक नागरिकको थाह पाउने हक हो भन्दै वेबसाइटमा हरेक सूचना अद्यावधिक गरी राखिने गरेको र यदि नगरेको भए नियमित गरी राख्न आग्रह गर्नुभयो। सूचना नपाएको भनेर कुनै पनि नागरिकको गुनासो आउन दिन नहुनेमा प्रजिअ घिमिरेले जोड दिनु भयो।

कार्यक्रममा सूचनाको हक समन्वय केन्द्रका केन्द्रीय अध्यक्ष दीपक आचार्यले सूचना वर्गीकरण नगरिएको कारण सूचनाको हकसम्बन्धी ऐनमा दिन नमिल्ने भनी उल्लेख गरिएबाहेकका सबै सूचना दिन मिल्ने व्यवस्था हुनु पर्ने बताउनु भयो। सूचनाको हकका लागि राष्ट्रिय महासंघ गण्डकी प्रदेशका अध्यक्ष यदुनाथ बञ्जाराले सूचना माग गर्दा सूचना मागकर्तालाई विभिन्न आरोपसमेत लाग्ने गरेकोले त्यस किसिमका आरोपबाट मुक्त हुन जरुरी रहेको भनाइ राख्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि एवम् जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले सूचनाको हकले पारदर्शिता र सुशासन कायम हुनेमा जोड दिँदै सूचनाको हक लोकतन्त्रको गहना भएकोले यसलाई बलियो बनाउन मागकर्ताले सार्वजनिक सरोकारका विषयमा सूचना माग्नै नपर्ने गरी सार्वजनिक निकायले सूचना उपलब्ध गराउनुपर्ने बताउनु भयो। देशमा हामीले चाहेजस्तो सुशासन कायम हुन सूचनाको हकले महत्वपूर्ण भूमिका खेल्ने भएकोले सार्वजनिक निकायका पदाधिकारी र जनप्रतिनिधिले असल नियतले कायम गर्ने हो भने देश सुशासन र समृद्ध हुन धेरै समय नलाग्ने विचार व्यक्त पनि प्रमुख जिसस प्रमुख पौडेलले व्यक्त गर्नु भयो।

सूचना आयुक्त रत्नप्रसाद मैनालीले कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिँदै सूचनाको हसम्बन्धी कार्यक्रम राख्ने अवसर प्रदान गरी त्यसका लागि आवश्यक समन्वय र सहजीकरण गरेकोमा प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे, हल उपलब्ध गराएकोमा जिल्ला समन्वय समिति कास्की तथा सहभागिताका लागि जिल्लास्थित कार्यालय प्रमुख एवम् सूचना अधिकारीहरुलाई धन्यवाद दिनु भयो।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता माल र पोखरा महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापा पनि अतिथिका रुपमा सहभागी हुनुहुन्थ्यो। पोखरास्थित जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न कार्यक्रमका सहभागीलाई आयोगका उपसचिव सुदर्शन ढकालले स्वागत गर्नु भएको थियो। सञ्चालन आयोगका शाखा अधिकृत हरिहर कार्कीले सञ्चालन गर्नु भएको थियो कार्यक्रममा १०० जनाको सहभागिता रहेको थियो। ■





# सूचना प्रवाहको माध्यम सूचना प्रविधिलाई बनाउन जोड

राष्ट्रिय सूचना आयोगद्वारा गुल्मी जिल्लास्थित सरकारी तथा सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी एवम् सूचनाको हकका अभियन्तालगायतसँग आयोजित सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०८० साल फागुन ३० गते जिल्ला प्रशासन कार्यालय गुल्मीको सभाहलमा सम्पन्न भयो। सो कार्यक्रमको अध्यक्षता सूचना आयुक्त कमला ओली थापाले गर्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथि रेसुङ्गा नगरपालिकाका उपप्रमुख अमृता देवी कुँवरले ब्यानर पढेर कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभएको थियो। कार्यक्रममा आयोगका सचिव होम प्रसाद लुइटेलले सूचनाको हकको कार्यान्वयनमा कानुनी तथा पुनरावेदन सम्बन्धी व्यवस्थाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा अधिवक्ता चिरञ्जिवी शर्माले मुद्दाको सिलसिलामा आवश्यक पर्ने कागजात, जस्तै- जग्गा धनीपुर्जा, नापीनक्सा लगायतका कागजात सरोकारवालालाई सहज रुपमा उपलब्ध गराउने व्यवस्था सुनिश्चित गर्न आग्रह गर्नु भएको थियो।
सूचनाको हकका लागि राष्ट्रिय महासंघका जिल्ला संयोजक रेशम कुँवरले सूचनाको हकलाई प्रभाकारी बनाउन समुदायस्तरमा कार्यक्रम राख्न आयोगसमक्ष अनुरोध गर्दै जिल्लास्थित कतिपय सार्वजनिक निकायले माग गरिएका सूचना दिन अटेर गरेको, ती निकायमा स्वत: प्रकाशन हुने नगरेको र ऐन नियमावली राम्रो भएता पनि कार्यन्वयन पक्ष फितलो रहेको बताउनु भयो।



नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष टोपलाल अर्यालले जिल्लामा सूचनाको हक कार्यान्वयन अवस्था सन्तोषजनक रहेको बताउँदै जिल्लास्थित सार्वजनिक निकायका सूचना अधिकारीहरुको क्षमता विकास गर्नु पर्ने सुझाव राख्नु भएको थियो। सूचना दिने प्रणाली परम्परागत भएको हुँदा नयाँ प्रविधिको माध्यमबाट सूचना प्रवाह गर्न आग्रह गर्दै अध्यक्ष अर्यालले सार्वजनिक निकायले पत्रकारलाई मात्र सूचना दिने हो भन्ने मानसिकता हटाउनु पर्ने धारणा राख्नु भएको थियो।



रेसुङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद भुसालले सूचना माग गर्दा मागकर्ताले माग्न खोजेको विषय स्पेशिफिक नभएको तथा अन्य जिल्लाका अभियन्ताले समेत सूचना माग गर्ने गरेको बताउनु भएको थियो ।

प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद शर्माले जिल्ला प्रशासन कार्यालयबाट वेबसाइटमार्फत् नियमित रुपमा सूचना सम्प्रेषण गर्ने गरेको, प्रत्येक हप्ताको शुक्रबार कार्यालयबाट भए-गरेका गतिविधि सार्वजनिक गर्ने गरेको बताउनु भयो । प्रत्येक महिना सूचना अधिकारीहरुको बैठक बस्ने गरेको, नागरिक बडापत्र राख्ने गरेको, सूचनालाई व्यवस्थित गर्नुका साथै जिल्लाका काम कारवाहीहरुलाई पारदर्शी बनाउने गरिएको, कार्यालयले गर्ने गरेको निर्णयहरुको सार्वजनिकरण गर्ने गरेको बताउँदै प्रजिअ शर्माले सूचना अधिकारीहरुले भोग्नुपरेका समस्या पनि उल्लेख गर्नु भएको थियो । सूचना अधिकारीहरुलाई आफ्नै कार्यालयमा भएका सूचनामा पनि पहुँच नभएको भन्ने गुनासो प्राप्त भएकोले यस विषयमा कार्यालय प्रमुखले ध्यान दिनुपर्ने बताउँदै सूचना अधिकारीका लागि स्रोतसाधनको व्यवस्था पर्याप्त मात्रामा हुन नसकेकोले आयोगले यस सम्बन्धमा आवश्यक व्यवस्था गर्नेतर्फ ध्यान दिनुपर्ने विचार प्रजिअ शर्माले व्यक्त गर्नुभयो । सूचना मागकर्ताले पनि प्रचारबाजी गर्न र दु:ख दिने नियतले सूचना माग गर्न नहुने बताउँदै सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउन मद्दत पुग्ने धारणा पनि प्रजिअ शर्माले व्यक्त गर्नुभयो । सूचनाको हक सम्बन्धमा आयोगले यस किसिमको अन्तरक्रिया कार्यक्रम राखेर कार्यालय प्रमुख र सूचना अधिकारीका लागि सूचनाको हकका सम्बन्धमा थप स्पष्ट हुन सहयोग पुगेको बताउँदै कार्यालयको काममा व्यस्तता हुँदाहुँदै पनि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित हुनु भएका सबैलाई विशेष धन्यवाद व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि
रेसुङ्गा नगरपालिकाका उपप्रमुख अमृता देवी कुँवरले सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रमले जिल्लामा रहेका सार्वजनिक निकायमा काम गर्ने राष्ट्रसेवक र सम्बन्धित सरोकारवालालाई त्यसका बारेमा जानकारी हुने बताउँदै आगामी दिनमा सूचना मागकर्ता र आपूर्तिकर्ताबीच आउने समस्यामा न्यूनीकरण हुने विश्वास व्यक्त गर्नु भयो । सूचना दिनका लागि सूचना अधिकारी उत्साहित हुने र मागकर्ताले पनि आफूलाई आवश्यक पर्ने सूचना प्रयोजनसहित खुलाएर माग्ने अभ्यासमा सहजता उत्पन्न हुने धारणा व्यक्त गर्दै उपप्रमुख कुँवरले कार्यक्रम आयोजना गरेकोमा आयोगलाई धन्यवाद व्यक्त गर्नु भयो ।

सूचना आयुक्त कमला ओली थापाले जिल्लास्थित कार्यालय प्रमुख एवम् सूचना अधिकारीहरुलाई कार्यक्रममा उपस्थित भई सक्रिय सहभागिता जनाइदिनु भएकोमा धन्यवाद दिंदै सहभागीबाट उठेका जिज्ञासा एवम् सवालहरुको जवाफ पनि दिनु भएको थियो ।

सूचना सहज रुपमा प्राप्त गर्न नसकेको विषयमा आयोगमा उजुरी आउने गरेको प्रसङ्ग उल्लेख गर्दै सूचना आयुक्त थापाले सूचना जस्तो स्वरुप वा ढाँचामा माग्यो मागकर्तालाई सोही स्वरुपमा दिनु सूचना अधिकारीको दायित्व हुने बताउनु भयो । सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिंदै सूचना आयुक्त थापाले सूचनाको हकसम्बन्धी कार्यक्रमका लागि आवश्यक समन्वय र सहजीकरण गरेकोमा जिल्ला प्रशासन कार्यालयलाई र हल उपलब्ध गराई प्रमुख अतिथिका रुममा कार्यक्रममा उपस्थित भइदिनु भएकोमा रेसुङ्गा नगरपालिकाका उपप्रमुख अमृता देवी कुँवरप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

आयोगका शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नुभएको सो कार्यक्रमका सहभागीलाई आयोगका उपसचिव सन्तोष कुमार दाहालले स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा जिल्लास्थित सरकारी र सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मी एवम् सूचनाको हकका अभियन्तासमेत गरी ११० जनाको सहभागिता रहेको थियो । ■

# सूचनाको हकको असल अभ्यासले सुशासन : प्रमुख सूचना आयुक्त गुरुङ

राष्ट्रिय सूचना आयोगको आयोजनामा जिल्लास्थित सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी तथा अभियन्तासँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम २०८० साल माघ २८ गते जिल्ला समन्वय समितिको सभाहल, दाङमा सम्पन्न भयो। राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्को अध्यक्षता र जिल्ला समन्वय समितिका प्रमुख नित्यानन्द शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरी तथा अतिथिहरु प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदी, घोराही उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋषिराम के.सी. रहनु भएको थियो।




कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव होमप्रसाद लुइटेलले सूचनाको हकको कानुनी व्यवस्था विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा दाङका प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदीले सूचनाको हकलाई कार्यान्वयन गर्ने र प्रत्येक सूचना सरोकारवालासम्म पुऱ्याउने विषयमा जिल्ला प्रशासन कार्यालयले काम गरिरहेको उल्लेख गर्दै सूचनाहरु सकेसम्म छिटो, छरितो र सर्वसुलभ ढङ्गबाट आमनागरिकसम्म पुऱ्याउन जिल्ला प्रशासन कार्यालय क्रियाशील रहेको बताउनु भयो। जिल्लामा कार्यालय प्रमुखको बैठक नियमित राख्ने गरिएको, वेबसाइट तथा सामाजिक सञ्जालका माध्यमबाट समेत सूचना अद्यावधिक गर्ने गरिएको बताउँदै प्रजिअ सुवेदीले नागरिकको निरासालाई आशा जगाउने गरी सार्वजनिक निकायहरुले कामकारवाही गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख नित्यानन्द शर्माले नेपालको संविधानको मौलिक हकको रुपमा रहेको सूचनाको हक महत्वपूर्ण अधिकार रहेको उल्लेख गर्दै सूचनाको हकले सुशासनलाई बलियो बनाउने धारणा व्यक्त गर्नु भयो। सूचनाको हकको कार्यान्वयनका लागि सूचना अधिकारी तोक्नु पर्ने र ३/३ महिनामा स्वत: प्रकाशन गर्नुपर्ने बताउँदै जिसस प्रमुख शर्माले कार्यक्रमबाट सूचनाको हकसम्बन्धी कानुनबारे थप जानकारी प्राप्त भएको विचार व्यक्त गर्नु भयो। उहाँले सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम दाङ जिल्लामा आयोजना गरेकोमा आयोगप्रति आभार पनि व्यक्त गर्नु भयो।

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङले सूचनाको हक लोकतन्त्रको आधार भएको उल्लेख गर्दै अर्थपूर्ण सहभागितामा नै सूचनाको हकको प्रभावकारी कार्यान्वयन हुने विचार व्यक्त गर्नु भयो। संवैधानिक अधिकारको रुपमा रहेको सूचनाको हक नेपाली नागरिकका लागि सुरक्षित गरिएको अधिकार भएको बताउँदै प्रमुख सूचना आयुक्त गुरुङले जनप्रतिनिधि, न्यायाधीश, कर्मचारी तथा आमनागरिक लगायतबाट आयोगमा पुनरावेदन आउने गरेको प्रसङ्ग उदाहरणसहित प्रस्तुत गर्नु भएको थियो।

प्रमुख सूचना आयुक्त गुरुङले सूचनाको हकसम्बन्धी व्यवस्थाको उचित अभ्यासले सुशासन ल्याउन मद्दत पुग्ने भएकोले मागपक्षद्वारा माग गरिएका कुनै पनि सूचना दिन आनाकानी नगर्न सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीलाई अनुरोध गर्नु भयो। सूचना व्यवस्थित गरेर अभिलेख राख्नुपर्ने, स्वत: प्रकाशन अनिवार्य गर्नुपर्ने र यसो गरेमा सूचनाको हकका विषयमा जनचेतना अभिवृद्धि भई सुशासन कायम गर्न मद्दत पुग्ने धारणा व्यक्त गर्दै प्रमुख सूचना आयुक्त गुरुङले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनु भएको थियो।

आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले सहभागीलाई स्वागतसहित कार्यक्रमको उद्देश्यबारे बताउनु भएको कार्यक्रम आयोगका शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नु भएको थियो। कार्यक्रममा १२८ जनाको सहभागिता रहेको थियो। ■




# सार्वजनिक निकाय पारदर्शी हुन जरुरी : सूचना आयुक्त मैनाली

राष्ट्रिय सूचना आयोगको आयोजनामा स्थानीय तहका जनप्रतिनिधि, सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, कर्मचारी, समुदाय र समूहका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम २०८० साल माघ १८ गते बन्दीपुर गाँउपालिकामा सम्पन्न भयो। आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र बहादुर थापा प्रमुख अतिथि रहनु भएको थियो।

बन्दीपुर गाँउपालिकाका नि. प्रमुख प्रशासकीय अधिकृत विष्णु खत्री क्षेत्रीले स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहका लागि सूचनाको हकसम्बन्धमा महत्वपूर्ण कार्यक्रम बन्दीपुर गाँउपालिकामा गरेकोमा राष्ट्रिय सूचना आयोगप्रति आभार व्यक्त गर्दै बन्दीपुर गाँउपालिकाले नियमित रुपमा स्वत: प्रकाशन गरिरहेको तथा सूचनाको हकको कार्यान्वयनको सम्बन्धमा गम्भीर रहेको र अन्य निकाय/संस्था तथा अभियन्ताबाट पनि सहयोग पाइराखेको बताउनु भएको थियो।

आयोगका सचिव होम प्रसाद लुइटेलले सूचनाको हकको कार्यान्वयनमा कानुनी तथा पुनरावेदनसम्बन्धी व्यवस्था विषयक कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको सैद्धान्तिक आधार, उद्देश्य र सिद्धान्तका साथै यसको आवश्यकता किन पर्दछ ? भन्ने विषयमा चर्चा गर्नु भएको थियो। सूचना माग गर्ने विधिका बारेमा उल्लेख गर्दै सचिव लुइटेलले जोसुकै नेपाली नागरिकलाई सार्वजनिक सरोकारका विषयको सूचना माग्न र सोको जानकारी पाउने हक भएको बताउनु भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि तथा गाँउपालिका प्रमुख सुरेन्द्र बहादुर थापाले आयोगले आफ्नो पालिकामा यस किसिमको कार्यक्रम आयोजना गरिदिएर कर्मचारी, जनप्रतिनिधि र स्थानीय सर्वसाधारणलाई सूचनाको हकका विषयमा जानकारी प्रदान गरेकोमा आयोगलाई धन्यवाद दिनु भयो। सूचना दिने विषयमा सरोकारवालाहरुलाई जानकारी प्राप्त भएको भन्दै सूचनाबाट कोही पनि बञ्चित हुन नहुने तथा सूचना सबैका लागि महत्वपूर्ण र अनिवार्य भएकोले मागकर्ताबाट माग भएका सार्वजनिक सरोकारका विषयका दिन मिल्ने सूचना दिलाउन आफू पनि लागि पर्ने प्रतिबद्धता गाउँपालिका प्रमुख थापाले व्यक्त गर्नु भयो। गाँउपालिकाले सूचना अधिकारी तोकेको उल्लेख गर्दै माग भएका सूचना पालिकाले उपलब्ध गराइरहेको जानकारी पनि पालिका प्रमुख थापाले दिनुभयो। आगामी दिनमा गाउँपालिकाले कार्यपालिका बैठक सञ्चालन गर्दा विद्युतीय माध्यमबाट प्रत्यक्ष रुपमा सबैले हेर्न पाउने गरी व्यवस्था गर्ने पनि पालिका प्रमुख थापाले बताउनु भयो।

बन्दीपुर गाउँपालिकालाई नमूना पालिका बनाउन सूचना आयुक्त रत्नप्रसाद मैनालीबाट दिइएका सुझावलाई अधिकतम् कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै पालिका प्रमुख थापाले आफूलाई सामान्यजस्तो लागेको सूचनाको हकको विषयको महत्वबारे कार्यक्रमबाट महत्वपूर्ण जानकारी प्राप्त भएको बताउनु भयो।

सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकको कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व, कानुनी प्रावधान र व्यावहारिक प्रयोगका बारेमा प्रस्तुतीकरण दिनु भएको थियो। सूचनाको हकको ऐतिहासिक पक्षबारे उल्लेख गर्दै सूचना आयुक्त मैनालीले सूचनाको हकको प्रयोगबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्राप्त सकारात्मक उपलब्धीबारे सहभागीलाई जानकारी गराउनु भएको थियो। सार्वजनिक निकाय सूचना




प्रवाहमा सहज हुन सके सुशासन स्थापित हुन सक्ने प्रसङ्ग उल्लेख गर्दै नेपालमा नागरिकले सूचनाको हक प्राप्त गर्न ठूलो सङ्घर्ष र बलिदानबाट मात्र सम्भव भएको उहाँले बताउनु भयो। सूचनाको हकको साइनो राजनीतिक परिवर्तनसँग रहेको ऐतिहासिक पक्षबारे उल्लेख गर्दै यसको संरक्षण र प्रवर्द्धनमा पनि राजनीतिक नेतृत्व जिम्मेवार रहेको सूचना आयुक्त मैनालीले बताउनु भयो। सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदको व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही त्यस्तै दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सजाय र क्षतिपूर्तिको व्यवस्थाका बारेमा पनि सूचना आयुक्त मैनालीले सविस्तार बताउनु भएको थियो।

कार्यक्रममा जनकराज पन्त, किर्तनराज पौडेल, कृष्ण तिवारी, शिवराज वस्ताकोटी, रवि भण्डारी, जितेन्द्रजंग केसी, नवराज बराल, परशुराम शर्मा, लगायतका सहभागीले जिज्ञासासहित सुझाव राख्नु भएको थियो।

सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउन पारदर्शिता र सुशासनको परिकल्पना गरेको कुरा प्रष्ट पार्दै ऐनले सार्वजनिक निकायको जिम्मेवारीलाई सम्बन्धित कार्यालयका प्रमुखको जिम्मेवारीका रुपमा परिभाषित गरेको सूचना आयुक्त मैनालीले बताउनु भयो। कानुनले सूचना प्रवाहका लागि कार्यालय प्रमुखलाई जवाफदेही बनाएको प्रसङ्ग उल्लेख गर्दै सार्वजनिक सरोकारका विषयमा आम सर्वसाधारणले सूचना माग्न नै नपर्ने वातावरण निर्माण गर्न सूचना आयुक्त मैनालीले आग्रह गर्नु भयो। स्थानीय तहसँग रहेका सार्वजनिक सरोकारका विषयका सूचना सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा ३ अन्तर्गत प्रवाह गर्न बाध्य नहुनेभित्र नपर्ने उल्लेख गर्दै स्थानीय तहले अधिकतम् सूचना प्रवाहमा ध्यान दिनु पर्नेमा सूचना आयुक्त मैनालीले जोड दिनु भयो। संविधानअन्तर्गतका सबै निकायलाई कानुनले सार्वजनिक निकाय भनी परिभाषित गरेकोले ती सबै सार्वजनिक निकाय पारदर्शी हुन जरुरी रहेकोमा जोड दिंदै कार्यक्रममा सहभागीबाट राखिएका जिज्ञासाको जवाफ पनि उहाँले दिनु भएको थियो।



बन्दीपुर गाउँपालिका पर्यटकीयस्थलका रूपमा चर्चित रहेको उल्लेख गर्दै पालिकाले गर्ने हरेक क्रियाकलापमा नागरिक सहभागिता बढाउन निर्णय प्रक्रियामा पनि नागरिकलाई सरिक गराउन सूचना आयुक्त मैनालीले आग्रह गर्नुभयो। प्रत्येक वडामा नागरिक बडापत्र जारी गर्न, विद्युतीय माध्ययमबाट पालिकाका निर्णय सहजरूपमा सार्वजनिक गर्न, समाजका विभिन्न वर्ग र समुदायलाई नेपाल सरकार र पालिकाले उपलब्ध गराउने विशेष सेवासुविधा तथा किसानलाई सिंचाई मलवीउ पाईने बारे सही समयमा सही सूचना प्रवाह गर्न आग्रह गर्दै पर्यटकीयस्थलका रूपमा चर्चित बन्दीपुर गाउँपालिकालाई सूचना प्रवाहका हिसाबले पनि नमूना पालिकाका रूपमा स्थापित गर्न सूचना आयुक्त मैनालीले अनुरोध गर्नुभयो।

कार्यक्रमका सहभागीहरु दिनेश पौडेल, गिरबहादुर राना, मनोजकुमार महतो, लगायतले विभिन्न जिज्ञासा राख्नु भएको थियो। कार्यक्रम आयोगका शाखा अधिकृत हरिहर कार्कीले सञ्चालन गर्नुभएको थियो भने सहभागीलाई आयोगका उपसचिव सुदर्शन ढकालले स्वागत गर्नु भएको थियो। ■

# 'सार्वजनिक निकायले हरेक कार्य सार्वजनिक गर्दा संस्थाको गरिमा बढ्ने'




स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहका लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०८० साल माघ २९ गते रोल्पा जिल्लाको रोल्पा नगरपालिकामा सम्पन्न भयो। राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ को अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा रोल्पा नगरपालिकाका उपप्रमुख गीता आचार्य प्रमुख अतिथि रहनु भएको थियो। कार्यक्रममा आयोगका सचिव होमप्रसाद लुइटेलले नेपालमा सूचनाको हकको अभ्यास विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा रोल्पा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी  लेखनाथ खतिवडाले जिल्ला प्रशासन कार्यालयले नियमित रुपमा सूचना अधिकारीहरुको बैठक राख्ने गरेको जानकारी गराउँदै सूचना अधिकारीहरुका लागि छुट्टै मोवाईल नम्बरको व्यवस्था गरिएको बताउनु भएको थियो। आगामी दिनमा सूचनाकको हक कार्यान्वयन तथा सूचना प्रवाहमा सहकारात्मक र सहयोगी भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि खतिवडाले व्यक्त गर्नु भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि रोल्पा नगरपालिकाका उपप्रमुख गीता आचार्यले रोल्पा नगरपालिकामा यस किसिमको कार्यक्रम आयोजना गरिदिएर जनप्रतिनिधि, कर्मचारी र स्थानीय सर्वसाधारणलाई सूचनाको हकका विषयमा जानकारी प्रदान गरेकोमा आयोगलाई धन्यवाद दिंदै सूचना जोसुकैका लागि महत्वपूर्ण र अनिवार्य भएको हुँदा सूचनाबाट कोही पनि बञ्चित हुन नहुनेमा जोड दिनु भयो। मागकर्ताबाट माग भएका सार्वजनिक सरोकारका विषयका दिन मिल्ने सूचना दिलाउन आफू पनि सक्रियतापूर्वक लागिपर्ने भनाइ पनि उपप्रमुख आचार्यले राख्नु भएको थियो।

आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले सार्वजनिक सरोकारका विषयमा स्थानीय तहले स्वत: प्रकाशन लगायतका कार्य गरी आमसर्वसाधारणले सूचना माग्न नै नपरोस् भन्नेमा ध्यान दिनु पर्नेमा जोड दिंदै सार्वजनिक निकायले आफूले सम्पादन गरेका हरेक कार्य सार्वजनिक गर्दा संस्थाको गरिमा बढ्ने धारणा व्यक्त गर्नु भएको थियो। सार्वजनिक निकायबाट सम्पादन हुने कार्यसम्पादन पारदर्शी हुन सके सूचना कसैले माग्नै नपर्ने उल्लेख गर्दै मनमा समझदारी र काँधमा जिम्मेवारी बहन गर्न र सहकार्यबाट अगाडि बढ्न सके सबैको हित हुने विचार पनि प्रमुख सूचना आयुक्त गुरुङले व्यक्त गर्नु भयो। कार्यक्रमका लागि आवश्यक समन्वयका लागि नगरपालिका परिवार र  उपस्थिति तथा सक्रिय सहभागिताका लागि सहभागीलाई धन्यवाद दिंदै प्रमुख  सूचना आयुक्त गुरुङ्गले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनु भएको थियो।



आयोगका शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नुभएको सो कार्यक्रमका सहभागीलाई आयोगका शाखा अधिकृत डिल्ली राम भट्टले स्वागत गर्नुभएको थियो। कार्यक्रममा रोल्पा नगरपालिकाका वडा अध्यक्षहरु, कर्मचारीहरु, विभिन्न समूह र समदायका प्रमुख एवम् प्रतिनिधि, विभिन्न राजनैतिक दलका प्रतिनिधि तथा सञ्चारकर्मी एवम् सूचनाको हकका अभियन्ता गरी ८४ जनाको  सहभागिता रहेको थियो। ■




# सूचना सबैका लागि महत्वपूर्ण र अनिवार्य : नगर प्रमुख पौडेल

राष्ट्रिय सूचना आयोगको आयोजनामा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम २०८० साल चैत १ गते अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका सम्पन्न भयो। कार्यक्रममा राष्ट्रिय सूचना आयोगका अध्यक्षता सूचना आयुक्त कमला ओलीको अध्यक्षता र शितगंगा नगरपालिकाका नगर प्रमुख छविलाल पौडेलको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथी नगर प्रमुख छविलाल पौडेलले आयोगले नगरपालिकामा यस किसिमको कार्यक्रम आयोजना गरिदिएर कर्मचारी, जनप्रतिनिधि र स्थानीय सर्वसाधारणलाई सूचनाको हकका विषयमा सरोकारवालाहरुलाई आधारभूत जानकारी प्राप्त भएको बताउँदै सूचनाबाट कोही पनि बञ्चित हुन नहुनेमा जोड दिनु भयो। सूचना सबैका लागि महत्वपूर्ण र अनिवार्य भएकोले मागकर्ताबाट माग भएका कानुनत: दिन मिल्ने सूचना दिलाउन आफू पनि लागिपर्ने भनाइ राख्दै नगर प्रमुख पौडेलले सूचनाको हकको प्रयोगले विभिन्न ठेक्का सम्बन्धी कार्य परदर्शी हुने गरेको उल्लेख गर्नु भयो। सामुदायिक वनलगायत विभिन्न सार्वजनिक निकायले पनि कानुनले सार्वजनिक गर्नु भनेका सूचना सार्वजनिक गर्नु पर्नेमा नगरप्रमुख पौडेलले ध्यानाकर्षण गराउनु भएको थियो।

सूचना आयुक्त कमला ओली थापाले मन्तव्य राख्दै हरेक सार्वजनिक निकायले स्वत: प्रकाशन अनिवार्य रुपमा गर्नु पर्ने र सार्वजनिक निकायका पदाधिकारीहरुमा उच्च सदारचारिता कायम हुनु पर्ने बताउनु भयो। सूचनाको हकलाई जनस्तरमा पुर्‍याउनु पर्नेमा सबैको सार्वजनिक निकायको दायित्व रहेको बताउँदै सूचना आयुक्त कमला ओली थापाले सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानुनी प्रावधानका बारेमा विस्तृत चर्चा गर्नु भएको थियो।

सूचना के हो ? सूचनाको हक किन ? सूचनाको हकसम्बन्धी विश्वव्यापी सिद्धान्त, सूचनाका हकको संवैधानिक र कानुनी आधार, सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदको व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही तथा



दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सजाय र क्षतिपूर्तिको व्यवस्थाका बारेमा चर्चा गर्दै सूचना आयुक्त थापाले स्थानीय तह पारदर्शी र सहभागितामूलक भएको खण्डमा विकासले तीव्र गति लिने तथा नागरिकको विश्वास बढ्ने धारणा राख्नुभएको थियो ।

सार्वजनिक सरोकारका विषयमा स्थानीय तहले स्वत: प्रकाशन लगायतका कार्य गरी आमसर्वसाधारणले सूचना माग्न नै नपर्ने अवस्था सिर्जना गर्न सके संस्थाको गरिमा बढ्ने उल्लेख गर्दै सूचना आयुक्त कमला ओली थापाले हामी पारदर्शी भयौं भने सूचना कसैले माग्नै पर्दैन, मनमा समझदारी र काँधमा जिम्मेवारी बहन गर्न सक्यौं, सहकार्यमै अगाडि बढ्न सक्यौं भने सबैको हित हुने भनाइ राख्नु भयो ।
नगर उपप्रमुख गीता भाटले आयोगको कार्यक्रमले जनताप्रति उत्तरदायित्व बृद्धि गर्न मद्दत गरेको धारणा राख्दै सूचनाको हकको सही प्रयोग नहुँदा व्याक्तिको जीवनमा नकारात्मक प्रभाव पार्ने हुँदा सहीढङ्गबाट प्रयोग गर्नु पर्ने विचार राख्नु भयो । नागरिकलाई सूचना उपलब्ध गराउन नागरपालिकाले कुनै कञ्जुस्याइँ नगर्ने धारणा पनि उपप्रमुख भाटले राख्नु भएको थियो ।

आयोगका सचिव होमप्रसाद लुइटेलले नेपालमा सूचनाको हकको अभ्यास विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको सैद्धान्तिक आधार, उद्देश्य र सिद्धान्तहरुका साथै सूचनाको आवश्यकता किन पर्दछ ? कस्ता निकाय सार्वजनि निकाय हुन् ? नेपालको संवैधानिक तथा कानुनी व्यवस्था र सार्वजनिक निकायसँग सूचना माग्ने विधि आदिका बारेमा बताउनु भएको थियो ।

नागरिकलाई सार्वजनिक सरोकारका विषयहरुको सूचना माग्न, सोध्न र सोको जानकारी पाउने अधिकार भएको तथा राज्य प्रणालीका सबै गतिविधि जान्ने हक नागरिक मौलिक हकका रुपमा स्थापित भएको बताउँदै सचिव लुइटेलले सूचनाको हकको प्रयोग गरेर सूचना कसरी माग्ने भन्ने विधिका विषयमा समेत प्रष्ट पार्नु भएको थियो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले आयोगले यस नगरपालिकालाई छनोट गरी कार्यक्रम सञ्चालन गरेकोमा आयोगप्रति आभार व्यक्त गर्दै सूचनाको हक कार्यान्वयन गर्न नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, विद्यालय, स्वास्थ्य संस्था लगायत सबै सार्वजनिक निकाय प्रतिबद्ध हुनु पर्ने धारणा राख्नु भएको थियो । सूचनाको हकले लोकतन्त्रलाई बलियो र संस्थागत बनाउन योगदान दिने हुँदा नगरपालिका सूचनाको हक कार्यान्वयन गर्न प्रतिबद्ध रहेको धारणा पनि शर्माले राख्नु भएको थियो ।

सञ्चारकर्मी अराज बेलवासेले यस कार्यक्रमले जनप्रतिनिधि, कर्मचारी लगायत सबैलाई सूचनाको हक कार्यान्वयन गर्न थप जिम्मेवार बनाएको भन्दै विद्यालय लगायत सवै सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयन गर्न सूचना अधिकारी राख्नु पर्ने विषय राख्नु भएको थियो ।

सूचना आयोगका शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नुभएको सो कार्यक्रममा आयोगका उपसचिव सन्तोष कुमार दाहालले सहभागीलाई स्वागतसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा शितगंगा नगरपालिकाका वडा अध्यक्षहरु, कर्मचारी, विभिन्न समूह र समुदायका प्रमुख एवम् प्रतिनिधि, शितगंगा नगरपालिकाका स्थीत विभिन्न राजनैतिक दलका प्रतिनिधि तथा सर्वसाधारण नागरिक र सञ्चारकर्मी एवम् सूचनाको हकका अभियन्तालगायत गरी १०३ जनाको सहभागिता रहेको थियो । ■



# सुदूरपश्चिम प्रदेशलाई सूचनाको हकमा उदाहरणीय






धनगढी उपमहानगरपालिका वडा नम्बर १६ भादा गाउँस्थित ऐतिहासिक तथा पर्यटकीय स्थलका रुपमा रहको थारु सामुदायिक होमस्टेमा सूचनाको हकका लागि राष्ट्रिय महासंघ केन्द्रीय कार्यालय काठमाडौंको आयोजनामा एक दिवसीय सूचनाको हकसम्बन्धी प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम २०८० माघ २६ गते सम्पन्न भयो। कार्यक्रममा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय कमलबहादुर शाह प्रमुख अतिथि, आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय शिवराज भट्ट विशिष्ट अतिथि तथा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्र मान गुरुङ, सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव डा. हरि लम्साल, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव अतिथि रहनु भएको सो कार्यक्रम नागरिक समाज, पत्रकार, सूचनाको हकका

## ‘सूचना उपलब्ध गराएपछि मात्र शुल्क’

महासंघको उद्घाटन कार्यक्रम समापनपश्चात् राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। सो क्रममा सहभागीहरुको जिज्ञाशाको जवाफ दिँदै प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले सर्वसाधारण नागरिकले सार्वजनिक निकायमा जुनसुकै सूचना माग्न पाइने र सूचना उपलब्ध नभएमा आयोगमा पुनरावेदन गर्नुपर्ने बताउनु भयो। पुनरावेदन प्राप्त भएपछि सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगको हुने विश्वास दिलाउँदै प्रमुख सूचना आयुक्त गुरुङले आयोगको आदेशपश्चात् पनि सूचना नदिने सार्वजनिक निकायका प्रमुख तथा सूचना अधिकारीहरु कारवाहीमा पर्ने गरेको हुँदा सूचना माग्न अनुरोध गर्नुभयो।



नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानुनले नागरिकलाई दिएको अधिकार प्रयोग गर्न/गराउन र नागरिकलाई सिकाउन तथा प्रोत्साहित गर्न महासंघका पदाधिकारी तथा सदस्यहरुलाई प्रमुख सूचना आयुक्त गुरुङले अनुरोध गर्नुभयो। कुनै पनि सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी निवेदन दर्ता गर्दा तोक लगाउनु नपर्ने, इमेलबाट समेत सूचना माग्न र उजुरी गर्न पाइने, suchanaadhikari नाममा इमेल बनाउनु पर्ने, स्वत: प्रकाशन नियमित रुपमा गर्नु पर्ने (स्वत: प्रकाशनको टेम्प्लेट प्रयोग गर्न सकिने), स्वत: प्रकाशन भनेको कार्यालय र कार्यालय प्रमुखको स्वप्रचार पनि भएको,

# बनाउने मुख्यमन्त्री शाहको प्रतिबद्धता

अभियन्ता, महासंघका अध्यक्ष तथा प्रतिनिधि गरी करिब १ सय जनाको उपस्थितिमा भव्यताका साथ उद्घाटनसँगै सञ्चालन भएको थियो।

राष्ट्रिय सूचना आयोग, सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा सूचनाको हकका लागि राष्ट्रिय महासंघले सूचनाको हकसम्बन्धी सुदुरपश्चिमस्तरीय अन्तरक्रिया कार्यक्रम कैलालीको भादा होमस्टेमा आयोजना गरेको थियो।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय कमलबहादुर शाहले सूचनाको हकको माध्यमबाट सर्वसाधारण जनतालाई यथाशक्य बढी सूचना प्रवाह गर्नुपर्ने, सुदूरपश्चिम प्रदेशलाई सूचनाको हकमा उदाहरणीय बनाउने, सार्वजनिक निकायहरुमा जनशक्तिको कमीका कारण यदाकदा सूचना उपलब्ध गराउन बाधा पुग्ने गरेको बताउँदै जनताले माग गरेको सूचना उपलब्ध गराउन पर्ने विचार व्यक्त गर्नु भयो। उहाँले सूचनाको हकको पालना गर्न/गराउन सबैलाई अनुरोध तथा निर्देशन पनि दिनु भयो।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले सूचनाको हकको प्रावधानले २०४७ को संविधानदेखि नै प्रवेश पाएता पनि कार्यान्वयनमा आउन जनआन्दोलनपछिको संसद कुर्नु परेको उल्लेख गर्दै त्यतिबेलाको संसदले सूचनाको हकसम्बन्धी कानुन २०६४ सालमा जारी गरेपश्चात् मात्र यथार्थ रुपमा सूचनाको हक कार्यान्वयनमा आएको बताउनु भयो। सूचनाको हकको संवैधानिक र कानुनी व्यवस्थाबारे कार्यालय प्रमुख र सूचना अधिकारीहरु जानकार रहे पनि कार्यान्वयनमा समस्या रहेको उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङले कानुनी व्यवस्थाको पालना गर्नु गराउनु सबैको कर्तव्य भएकोमा जोड दिनु भयो। सूचनाको हकको अधिकतम् प्रयोग गर्न सूचनाको हकका अभियन्ता तथा नागरिकलाई अनुरोध गर्दै प्रदेशस्तरमा सामान्यत: गोप्य राख्नुपर्ने सूचना नहुने हुँदा सूचना दिन हिच्किचाउनु नपर्ने धारणा प्रमुख सूचना आयुक्त गुरुङले व्यक्त गर्नु भयो। सूचनाको हकको कार्यान्वयनबाट सुशासन कायम गर्न सघाउ पुग्ने पनि प्रमुख सूचना आयुक्त गुरुङले बताउनुभएको थियो।

कार्यक्रमको उद्घाटनका अवसरमा पत्रकार चित्रांग थापा, दिर्घराज उपध्यायलेसमेत शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो। कार्यक्रमको अध्यक्षता गर्नुभएका सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद बागचन्दले सूचनाको हक भनेको जनतालाई खुशी बनाउने हुँदा सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन सूचना माग्ने बानी बसाल्नु पर्ने विचार व्यक्त गर्नुभएको थियो। कार्यक्रम सञ्चालन महासंघका उपाध्यक्ष तारा बहादुर भण्डारीले गर्नु भएको थियो। ■



सूचनासम्बन्धी अभिलेख राख्नु पर्ने, सूचना उपलब्ध गराउने मुख्य जिम्मेवारी कार्यालय प्रमुखको रहेको लगायतका विषयबारे चर्चा गर्दै प्रमुख सूचना आयुक्त गुरुङले सूचनाको हकसम्बन्धी विषयमा जानकारी लिन आयोगको वेबसाइट, फेसवुक पेज र ट्वीटर ह्याण्डलमा हेर्न अनुरोध गर्नु भयो।

१० पेज नि:शुल्क सूचना उपलब्ध गराएपछि मात्र शुल्क दाखिला गर्न लगाउनु पर्ने र सूचना मागकर्तालाई सहजीकरण गरिनु पर्ने निर्देशन दिंदै विद्यालयको पाठ्यक्रममा सूचनाको हक राख्न प्रयास भइरहेको जानकारी सो अवसरमा प्रमुख सूचना आयुक्त गुरुङले दिनु भएको थियो। सार्वजनिक निकाय र सूचना मागकर्ताका लागि छुट्टाछुट्टै सहयोगी पुस्तिका तयार भएको, गत वर्ष ७८ प्रतिशतभन्दा बढी स्थानीय तहसँग सम्बन्धित पुनरावेदन आयोगमा परेको, हालसम्म सार्वजनिक निकायका ३३ जना कार्यालय प्रमुख र सूचना अधिकारीउपर दफा ३२ बमोजिम कारवाही भएको उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङले कारवाही कसैमाथि गर्न नपरोस् भन्ने धारणा आयोगको रहेको बताउनु भयो।

कानुनी राज्यका नागरिक भएकोले कानुन पालनाबाट कसैले छुट नपाउने, विशेष गरी स्थानीय तहहरुले सूचनाको हकसम्बन्धमा बजेट तथा कार्यक्रम राखी सूचना दिन सहजीकरण गर्नु पर्ने, सूचना अधिकारीलाई प्रोत्साहनसहित तालिम कार्यक्रम अयोजना गर्न अनुरोध गर्दै सार्वजनिक निकायमा रहेका बिलभरपाई, कागजात गोप्य हुन नसक्ने, आलेप वा मलेपका प्रतिवेदनका विषय सार्वजनिक सरोकारका विषय भएको, सूचना मागकर्ताको सुरक्षाका बारेमा आयोग चिन्तित रहेको र गृह प्रशासनसँग समन्वय भइरहेको, विद्यालय, कलेज, विश्वविद्यालय सबै सार्वजनिक निकाय भएकोले सूचनाको हक कार्यान्वयन गर्नुपर्ने दायित्व भएको पनि प्रमुख सूचना आयुक्त गुरुङले सहभागीहरुको जिज्ञाशाको जवाफ दिने क्रममा बताउनुभएको थियो।

कार्यक्रमको समापन गर्दै महासंघ अध्यक्ष बागचन्दले सूचना नमाग्ने हो भने अभियन्ता हुन नसकिने र महासंघमा बस्न पनि उपयुक्त नहुने बताउँदै सार्वजनिक निकायलाई जिम्मेवार, जवाफदेही र पारदर्शी बनाउन सूचनाको हक कार्यान्वयनमा सबैजना लाग्नु पर्ने विचार राख्नु भएको थियो। ■

# 'सूचनाको हकलाई वडातहसम्मै पुऱ्याउन आवश्यक'



राष्ट्रिय सूचना आयोग र कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहयोगमा सूचनाको हकका लागि राष्ट्रिय महासंघले सूचनाको हकसम्बन्धी कोशी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम २०८० चैत्र २८ गते विराटनगरमा आयोजना गरेको थियो।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय शम्शेर राईले उद्घाटन गर्नु भएको थियो। प्रमुख अतिथि राईले लोकतन्त्रलाई सुदृढ बनाउन सूचनाको हकको कानुन आएको र यसको कार्यान्वयनका लागि आगामी वर्ष बजेट व्यवस्था गर्ने र नागरिक सचेतना बढाउनु पर्ने विचार व्यक्त गर्दै कोशी प्रदेशमा सूचनाको हकसम्बन्धी कानुन बनाउने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

कार्यक्रमका विशेष अतिथि कोशी प्रदेश सभाका उपसभामुख माननीय सिर्जना दनुवारले सूचनाको हक नेपालको संविधानले नागरिकलाई दिएको अधिकार भएकोले यसलाई वडातहसम्मै पुऱ्याउन पर्ने विचार व्यक्त गर्दै विद्यालयहरुले पनि सूचनाको हकको कार्यान्वयन गर्नु पर्ने बताउनु भएको थियो। आमनागरिकमा सूचनाको पहुँच हुनुपर्ने बताउँदै उपसभामुख दनुवारले यसका लागि आफ्नो तर्फबाट सक्दो प्रयास हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कोशी प्रदेशमा मात्र नागरिक तहबाट सूचनाको हकमा योगदान पुऱ्याउनेलाई प्रत्येक वर्ष दिइने षष्टिका बस्नेत पुरस्कारको स्थापना केदार बस्नेतले स्थापना गरेको प्रदेश भएकोले सूचनाको हकका लागि विशेष प्रदेश भएको उल्लेख गर्दै सूचनाको हकको प्रावधानले २०४७ को संविधानमै प्रवेश पाएता पनि कार्यन्वयनमा आउन जनआन्दोलनपश्चात्को संसद कुर्नु परेको बताउनु भयो। अन्तरिम संसद्ले सूचनाको हकसम्बन्धी कानुन २०६४ सालमा जारी गरेपश्चात् मात्र यथार्थ रुपमा सूचनाको हक कार्यान्वयनमा आएको प्रसङ्ग उल्लेख गर्दै सूचनाको हकको संवैधानिक र कानुनी व्यवस्थाबारे कार्यालय प्रमुख तथा सूचना अधिकारीहरु जानकार रहे पनि कार्यान्वयनमा समस्या रहेको प्रमुख सूचना आयुक्त गुरुङले बताउनु भयो। कानूनी व्यवस्थाको पालना गर्नु/गराउनु सबैको कर्तव्य भएको स्मरण गराउँदै सूचनाको हकको कार्यान्वयन गर्नबाट कोही भाग्न नसक्ने विचार प्रमुख सूचना आयुक्त गुरुङले व्यक्त गर्नु भयो।

सूचनाको हकको अधिकतम् प्रयोग गर्न सूचनाको हकका अभियन्ता तथा नागरिकलाई अनुरोध गर्दै सामान्यत: प्रदेशस्तरमा गोप्य राख्नुपर्ने सूचना नहुने हुँदा सूचना दिन हिच्किचाउन नपर्ने धारणा पनि प्रमुख सूचना आयुक्त गुरुङले व्यक्त गर्नु भयो। सूचनाको हकको कार्यन्वयनबाट सुशासन कायम गर्न सघाउ पुग्ने विचार पनि उहाँले राख्नुभएको थियो।

कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता रुपेश कोइरालाले सूचनाको हकको पुरस्कार स्थापना गर्न गराउन आफूले गरेको योगदान स्मरण गर्दै सूचनाको हक नागरिकलाई प्राप्त सबैभन्दा बलियो अधिकार रहेको र यसको कार्यान्वयनले मात्र लोकतन्त्र बलियो हुने विचार व्यक्त गर्नुभएको थियो।

सूचना मागकर्ताले दु:ख दिने गरेको, सूचना माग गर्दाको अवस्थामा नै नियामक निकायलाई बोधार्थ दिने गरिएको, सूचना धेरै माग गर्ने गरिएको कारणबाट मुश्किल पर्ने गरेको तर सूचनाको हक नागरिलाई प्रदान गरिएको अधिकार भएकोले यसको कार्यान्वयनमा आफ्नो प्रतिबद्धता रहेको विचार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव लक्ष्मी प्रसाद पौडेलले व्यक्त गर्नुभएको थियो।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले सूचना नदिनेलाई जरिवाना भएपश्चात् पनि सूचना नदिए के कारवाही हुन्छ? अनुचित फाइदाका लागि सूचना मागेको बहानामा सूचना लुकाउने प्रवृत्ति रहेको? कानुनलाई अझै कडा बनाउन उपयुक्त हुने, सूचना ढिला दिनेलाई के गर्ने? धेरै वर्षको सबै विवरण माग्दा समस्या हुने गरेको, जनप्रतिनिधिहरु नै सूचना नदिन लगाउँछन, नियुक्ति पत्र वैयक्तिक गोपनियताको विषय हो? सूचना अधिकारी नै पीडित भएपछि कसरी सूचना प्रवाह हुनसक्छ? सूचना नदिनेलाई कालो सूचीमा राख्न मिल्छ कि? भन्ने जस्ता जिज्ञाशा तथा सुझाव राखेका थिए।

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङले सूचना नदिनेउपर जरिवानापश्चात् पनि सूचना नदिएमा प्रत्येक दिनको रु. २०० का दरले जरिवाना हुने उल्लेख गर्दै कुनै पनि बहानामा सूचना लुकाउन नपाइनेमा जोड दिनु भएको थियो। सार्वजनिक पदमा नियुक्त हुनेको कागजपत्र गोप्य हुन नसक्ने तथा सूचना नदिनेलाई कालो सूचीमा राख्ने कानुनी व्यवस्था नभए पनि जरिवाना गर्न सकिने विचार व्यक्त गर्दै नागरिकले सार्वजनिक निकायमा रहेको सबै सूचना माग्न बाधा नहुने तर दिन मिल्ने/नमिल्ने सार्वजनिक निकायले अध्ययन गरी मिल्ने सूचना प्रवाह गर्नु पर्ने दायित्व रहेको प्रमुख सूचना आयुक्त गुरुङले बताउनु भएको थियो। सहभागीबाट राखिएका कतिपय प्रश्नहरुको मुख्य न्यायाधिवक्ता कोइरालाले पनि जवाफ दिनु भएको थियो।

कार्यक्रमका अध्यक्षता गर्नुभएका सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मिद बागचन्दले सूचनाको हक भनेको जनतालाई खुशी बनाउने हुँदा सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन सूचना माग्ने बानी बसाल्नु पर्ने विचार व्यक्त गर्नुभएको थियो। ■

# ‘सूचनाको हक कार्यन्वयनमा दक्षिण एसियामा सहकार्य आवश्यक’




विश्व सामाजिक मञ्च २०२४ का अवसरमा फ्रिडम फोरमले आयोजना गरेको दक्षिण एसियामा सूचनाको हक कार्यान्वयनमा चुनौति विषयक छलफल कार्यक्रममा प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले सूचनाको हक नेपालमा लागु भएको १६ वर्ष हुँदै गर्दा सूचनाको हक कार्यान्वयनमा केही सकारात्मक प्रभाव देखिएता पनि नेपालका सार्वजनिक निकायहरुमा सूचना अधिकारी तोक्न तथा स्वत: प्रकाशन गर्न नचाहने प्रवृत्ति अझै रहनु चिन्ताको विषय भएको बताउनु भएको छ। गोपनियताको संस्कारबाट ग्रसित मानसिकता सूचनाको हक प्रचलन र सूचना प्रवाहमा बाधक रहेको बताउँदै लोकतन्त्रमा सर्वसाधारण नागरिकको अर्थपूर्ण सहभागितामा बृद्धि गरी सुशासन कायम गर्न तथा सार्वजनिक निकायलाई उत्तरदायी बनाउन सूचनाको हकको प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेको हुँदा सार्वजनिक निकायहरु जिम्मेवार हुनुपर्ने विचारसमेत प्रमुख सूचना आयुक्त गुरुङ्गले व्यक्त गर्नु भएको थियो।

श्रीलङ्काको सूचना आयोगका आयुक्त किशाली पिण्टो जयवर्द्धनेले श्रीलङ्कामा सूचनाको हकसम्बन्धी कानुन ल्याउन निकै परिश्रम गर्नु परेको र गएको सात वर्षमा हजारौं आदेशहरु गरी आयोगले सूचनाको हकका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको विचार व्यक्त गर्नु भएको थियो।

भारतकी सूचनाको हकका ख्यातिप्राप्त अभियन्ता अञ्जली भारद्वाजले जबसम्म नागरिकलाई सूचनाको हकबाट बञ्चित राखिन्छ, लोकतन्त्र सफल हुन नसक्ने र सरकारबाट सूचनाको हकलाई सङ्कुचित बनाउने प्रयासहरुबाट सचेत रहनु पर्ने विचार राख्नु भएको थियो। त्यसरी नै मनुशोर वुनो फाउण्डेशन, बंगलादेशका कार्यकारी निर्देशक शाहीन अनामले बंगलादेशमा घट्दै गइरहेको सूचनाको मागसम्बन्धी आवेदनहरुको सङ्ख्याले चिन्तित बनाएको र दक्षिण एसियामा सूचनाको हकमा सहकार्य महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा द सोसल आर्किटेकट्स, श्रीलङ्काका कार्यकारी निर्देशक शरिन जेभियर, नेशनल क्याम्पेन फर पिपुल्स आरटिआईका कार्यकारी निर्देशक अम्रिता जोहरीले पनि आफ्ना भनाइ राख्नु भएको थियो।

२०८० फागुन ६ गते काठमाडौंमा आयोजित सो कार्यक्रममा फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहालले कार्यक्रमको महत्व र सूचनाको हकको प्रभावकारी कार्यान्वयनले लोकतन्त्रमा खेल्न सक्ने भूमिकाका बारेमा बोल्दै कार्यक्रमको मोडरेशन गर्नु भएको थियो भने फ्रिडम फोरमका महासचिव सञ्जीव घिमिरेले सहभागीलाई स्वागत गर्नु भएको थियो। ■





# सूचनाको हकको कार्यान्वयनमा राष्ट्र बैंक प्रतिबद्ध : गभर्नर अधिकारी

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सूचनाको हक हकको कार्यान्वयनमा राष्ट्र बैंक प्रतिबद्ध रहे पनिसूचनाको दुरुपयोग गर्ने मनसायले कतिपयले सूचनाको हकको प्रयोग गरेको बताउनु भएको छ। नेपाल राष्ट्र बैंक, कानुन महाशाखाद्वारा २०८० चैत्र १६ गते काठमाडौंमा आयोजित बैंकको कार्यसम्पादनमा प्रयोग हुने कानुनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा आफ्नो मन्तव्य राख्दै गभर्नर अधिकारीले सो कुरा बताउनु भएको हो।

नेपाल राष्ट्र बैंकले सूचनाको हकसम्बन्धी कानुनले तोकेका सूचना अधिकारी तोक्ने र स्वत: प्रकाशन नियमित गर्नुका साथै सूचना मागकर्ताले माग गरेको सूचना उपलब्ध गराइएको विवरण सार्वजनिक गर्ने गरेको गभर्नर अधिकारीले दावी गर्नु भयो। सूचना माग गरेर सार्वजनिक निकायलाई सचेत गराउन सकिने भए पनि व्यक्तिका पछि लागेर सूचना माग हुने गरेकोले यस्तो प्रवृत्तिप्रति आयोगले विचार गर्नु पर्ने बताउँदै कुनै विषयमा बैंकले आन्तरिक छानवीन गरिरहेको विषयको रिपोर्ट माग हुँदा अन्योल हुने गरेको बताउनु भयो।

सूचनाको हकको कानुनी व्यवस्था र अभ्यासबारे राष्ट्र बैंकका निर्देशक तहका कर्मचारीलाई यसको कार्यान्वयनका क्रममा आउन सक्ने समस्या र सूचना प्रवाहका लागि अत्यन्तै उपयोगी भएको बताउँदै गभर्नर अधिकारीले सूचना आयुक्त रत्नप्रसाद मैनालीलाई प्रस्तुतीकरणका लागि धन्यवाद दिनु भएको थियो।

राष्ट्र बैंकका निर्देशक तथा सूचना अधिकारी डा. डिल्लीराम पोखरेलले केही व्यक्तिले सूचना मागलाई खेतीका रुपमा सञ्चालन गरेको बताउँदै माग गरिएका कतिपय सूचना दिन मिल्ने हो कि होइन भन्ने द्विविधा हुने गरेको बताउनु भयो। कतिपय अवस्थामा राष्ट्र बैंकमा हुँदै नभएका सूचना माग हुने गरेको उल्लेख गर्दै डा. पोखरेलले सूचनाको हकको प्रयोग गरी प्राप्त सूचनाको दुरुपयोग गर्नेलाई आयोगले के गर्छ भन्ने प्रश्न राख्नु भएको थियो। सो क्रममा बैंकमा २०८० साउनदेखि फागुन मसान्तसम्म सूचनाको हकको प्रयोग गरेर ५३ वटा निवेदन परेको र तीमध्ये ३८ वटा निवेदनको सूचना मागकर्तालाई उपलब्ध गराइएको जानकारी पनि सूचना अधिकारी डा. पोखरेलले गराउनु भएको थियो।

बैंक सूचना प्रविधि विभागका कार्यकारी निर्देशक नरेश शाक्यले कुनै व्यक्तिगत सूचना माग गर्दा वैयक्तिक गोपनियताको अधिकार कुण्ठित हुने/नहुने प्रश्न गर्नु भएको थियो।





राष्ट्र बैंकका सहायक निर्देशक जुगलकिशोर कुशवाहले सूचना माग गर्नेले बैंकको सिस्टममा भएको भन्दा फरक फर्म्याटमा सूचना माग गर्दा अप्ठेरो पर्ने गरेको बताउँदै एउटै व्यक्तिले एउटै विषयमा पटक-पटक सूचना माग गर्ने गर्दा बैंकको कार्यसम्पादनमा असर गरेको बताउनु भयो।

राष्ट्र बैंकका निर्देशक सुवाशचन्द्र घिमिरे सहायक निर्देशक जुगलकिशोर कुशवाहले सूचना अधिकारीभन्दा अन्य कर्मचारी सूचना प्रवाह गर्न बाध्य हुने हो कि होइन भन्ने प्रश्न राख्दै सूचना मागको चाप बढ्दा बैंकका अन्य कार्यक्रम प्रभावित हुने गरेको बताउनु भयो। संस्थाभित्रकै कर्मचारीले आफू कार्यरत संस्थामा सूचना माग गर्न पाउने कि नपाउने भन्ने प्रश्न पनि उहाँले राख्नु भएको थियो।

राष्ट्र बैंकका सहायक निर्देशक तथा सहायक सूचना अधिकारी डा. भागवत आचार्यले जुन प्रयोजनका लागि माग गरेको सो प्रयोजनका लागि प्रयोग नगर्दा के हुन्छ भन्ने प्रश्न राख्दै सूचनाको दुरुपयोग गर्नेउपर आयोगमा परेका उजुरीलाई आयोगले कसरी लिएको छ भन्ने प्रश्न गर्नु भएको थियो। सहभागीबाट राखिएका जिज्ञासाको जवाफ सूचना आयुक्त मैनालीले दिनु भएको थियो।

सहभागीलाई धन्यवाद दिंदै नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले सूचनाको दुरुपयोगले बैंकिङ क्षेत्र चिन्तित रहेको उल्लेख गर्दै त्यसतर्फ आयोगले पनि ध्यान दिनु पर्ने सुझाव राख्नु भएको थियो। ■




# सूचना प्रवाहलाई हैरानी नठान्न सूचना आयुक्त मैनालीको आग्रह

नेपाल राष्ट्र बैंक, कानुन शाखाद्वारा आयोजित कार्यक्रममा 'सूचनाको हक : कानुनी व्यवस्था, अवस्था र अभ्यास' विषयमा प्रस्तुतीकरण दिंदै सूचना आयुक्त रत्नप्रसाद मैनालीले नेपाल राष्ट्र बैंक सूचनाको हकसम्बन्धी कानुनले परिभाषित गरे अनुसार सार्वजनिक निकाय भएको उल्लेख गर्दै वित्तीय क्षेत्रको नियामक निकाय हुनुको नाताले बैंकले आफू र मातहतका निकायमा सूचनाको हकको कार्यान्वयन तथा सूचना प्रवाहलाई सहज बनाउन महत्वपूर्ण जिम्मेवारी रहेको बताउनु भयो।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा ५ मा सूचना मागकर्ताबाट माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरुपमै उपलब्ध गराउनु पर्ने भनिएको सन्दर्भ उल्लेख गर्दै सूचना मागकर्ताले माग गरेका कतिपय विषय बैंक तथा वित्तीय संस्थाको 'सिस्टम' भन्दा 'म्यानुअली' दिनु पर्ने अवस्था रहेकोले बैक तथा वित्तीय संस्थालाई सूचना प्रवाहमा सहजता नभएको भनी सम्बन्धित क्षेत्रबाट गुनासो आउने गरेकोले नागरिकबाट माग हुन सक्ने थप विषयलाई समेत 'सिस्टम'मा समावेश गर्न सके सूचना प्रवाह पनि सहज हुने र नागरिकले पनि सरल ढङ्गले सूचना प्राप्त गर्न सक्ने भएकोले त्यसतर्फ सहजीकरण गर्न सूचना आयुक्त मैनालीले नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्नु भयो।

सूचना माग गर्नु र प्राप्त गर्नु नागरिकको संवैधानिक मौलिक अधिकार भएकोले नागरिकले संविधानले प्रदान गरेको मौलिक हकको प्रयोग गर्दा सार्वजनिक निकायले त्यसलाई हैरानी रुपमा लिन हुने धारणा व्यक्त गर्दै झण्डै ३ करोड नेपाली नागरिकलाई नै सूचना माग गर्ने र प्राप्त गर्ने अधिकार रहेको सूचना आयुक्त मैनालीले बताउनु भयो। अहिलेसम्म सीमित नागरिकले मात्र सूचना माग गरेको सन्दर्भ उल्लेख गर्दै सार्वजनिक निकायले त्यसलाई हैरानी रुपमा लिन नहुने बरु भोलि आमनेपाली नागरिकले सूचना माग गर्दा सूचना प्रवाहलाई सहज बनाउन कहाँ-कहाँ सुधार गर्न आवश्यक छ भनेर 'सिस्टम'मा सुधार गर्ने अवसरका रुपमा लिन पनि सूचना आयुक्त मैनालीले आग्रह गर्नु भयो।

सूचना प्रवाहलाई कानुनले मूलत: कार्यालय प्रमुखको जिम्मेवारीका रुपमा तोकेको हुनाले नागरिकले माग गरेको सूचना प्राप्त गर्न नसकेको अवस्थामा दफा ३२ बमोजिम हुने कार्वाहीको भागेदारी पनि कार्यालय प्रमुख हुने उल्लेख गर्दै कार्वाही र जरिवाना आयोगले रहरले नगरेको सूचना आयुक्त मैनालीले बताउनु भयो। सो क्रममा नेपालमा सूचनाको हकको कार्यान्वयनको अवस्था, आयोगमा प्राप्त उजुरी, निवेदन र पुनरावेदनको अवस्था तथा आयोगले गर्ने निर्णय प्रक्रियाका बारेमा पनि सूचना आयुक्त मैनालीले जानकारी गराउनु भएको थियो। ■




**बैठक नं. २९१(३)५१**
**मिति २०८०।१०।०९**
**निर्णय**

१. राष्ट्रिय सूचना आयोगबाट प्रत्येक वर्ष प्रदान गरिँदै आएको विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार प्रत्येक वर्षजस्तै यस वर्ष पनि प्राप्त बजेटको अधीनमा रही (प्रसाशनिक खर्च छुट्याई) कार्यक्रममा उल्लेख भएबमोजिम पाँच जना सूचनाका हकका अभियन्ताहरुलाई जनही रु. ३५,०००।-(पैंतीस हजार मात्र) का दरले वितरण गर्ने।
२. राष्ट्रिय सूचना आयोगबाट प्रत्येक वर्ष प्रदान गरिँदै आएको उत्कृष्ट सूचना अधिकारी पुरस्कार प्रत्येक वर्षजस्तै यस वर्ष पनि प्राप्त बजेटको अधिनमा रही

(प्रसाशनिक खर्च छुट्याई) कार्यक्रममा उल्लेख भए बमोजिम पाँच जना सूचना अधिकारीहरुलाई जनही रु. ३५,०००।-(पैतीस हजार मात्र) का दरले वितरण गर्ने।

३. राष्ट्रिय सूचना आयोगमा रही उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई हरेक वर्ष जस्तै यस वर्ष पनि ४ जनालाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गर्ने।
४. नेपाल सरकार, अर्थ मन्त्रालयको USAID लाई लेखिएको पत्र बमोजिम राष्ट्रिय सूचना आयोगको उद्देश्य अनुरुप हुने गरी खर्च गर्ने व्यवस्था भए बमोजिम दोस्रो वर्षका लागि Asia Foundation, CSM Program का पदाधिकारीहरुसँग छलफल भएपश्चात् प्राप्त प्रस्तावित Letter of Exchange (LoE) मा उल्लेख भएबमोजिम कार्यक्रमहरुमा Asia Foundation CSM Program बाट सहयोग हुने गरी सञ्चालन गर्न सो Letter of Exchange स्वीकृत गर्ने र उक्त Letter of Exchange मा राष्ट्रिय सूचना आयोगका सचिवले हस्ताक्षर गर्ने।

**५. विविध**
**क. विद्यालय शिक्षा विधेयक २०८०**
प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलमा रहेको विद्यालय शिक्षा विधेयक २०८० मा नेपालको संविधानको धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुनेछ" भन्ने व्यवस्था छ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई दिएको अधिकार, जवाफदेहिता, पारदर्शिता र खुलापनलाई अङ्गीकार गर्दै सुशासन कायम होस् भन्ने उद्देश्यबाट प्रस्तुत विधेयकको दफा १३८ को उपदफा २ मा देहायबमोजिम थप गरी संशोधन हुने व्यवस्था हुन प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा अनुरोध गर्ने।

दफा १३८ उपदफा (२) मा थप आयोगको परीक्षामा संलग्न रहेको उम्मेदवारले आफ्नो लिखित परिक्षाको उत्तरपुस्तिकाको प्रतिलिपी माग गरेमा, अन्तर्वार्ताको अङ्क र अन्य विधि अपनाएको भए सो विधिबाट प्राप्त अङ्क माग गरेमा आयोगले उपलब्ध गराउनेछ।

**बैठक नं. २९२(३)५२**
**मिति २०८०।१२।०७**

## निर्णय

**प्रस्ताव नं. १ को सम्बन्धमा**

आर्थिक वर्ष २०७९/८० को आयोगको लागि स्वीकृत कार्यक्रममध्ये अधिकांश कार्यक्रम सम्पन्न भइसकेको र केही कार्यक्रमहरु सम्पन्न हुन बाँकी रहेको जानकारी भयो। केही कार्यक्रम यही महिनाभित्र सम्पन्न गर्ने गरी तयारी भएको पनि जानकारी भयो। आयोगबाट हालसम्म सम्पन्न कार्यक्रमको स्थिति सन्तोषजनक देखिएको र सम्पन्न गर्न बाँकी रहेका कार्यक्रमहरु पनि समयमा नै सम्पन्न गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ को सम्बन्धमा**

The Asia Foundation सँगको सहकार्यमा हुने कार्यक्रमको प्रगतिको सम्बन्धमा छलफल भयो। आगामी दिनमा The Asia Foundation सँग प्रत्येक महिनाको पहिलो हप्ता कार्यक्रमका बारेमा छलफल गर्ने र प्रत्येक ३ महिनामा CSM कार्यक्रमको बारेमा समीक्षा गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ को सम्बन्धमा**

The Asia Foundation र राष्ट्रिय सूचना आयोगबीच भएको सम्झौता अनुसार The Asia Foundation बाट हुने RTI Audit को लागि मधेश प्रदेशको सिरहा र रौतहट तथा लुम्बिनी प्रदेशको कपिलवस्तु र नवलपरासी जिल्ला छनौट गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ को सम्बन्धमा**

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रस्ताव सम्बन्धमा छलफल भयो। तोकिएको समय भित्रै LMBIS प्रविष्ट गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. ५ को सम्बन्धमा**

सूचनाको हकसम्बन्धी लेखहरुको संगालो सूचनाको अधिकार (A Journal of RTI) प्रकाशन सम्बन्धमा छलफल भयो। उक्त प्रकाशनको लागि गोरखापत्र, आयोगको वेबसाइट र पत्राचारमार्फत् लेखरचना माग गरिएकोमा केही लेखरचना प्राप्त भएकोमा चैत २१ गतेसम्म प्राप्त हुन आएका लेख रचनामात्र समावेश गरी बैशाख १५ गतेभित्र छपाई गर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ६ को सम्बन्धमा**

विनय कसजु उत्कृष्ट अभियान्ता पुरस्कार र उत्कृष्ट सूचना अधिकारी पुरस्कारको सम्बन्धमा छलफल भयो। पुरस्कारका लागि आयोगमा प्राप्त हुन आएका ९ जना अभियन्ता र ११ जना सूचना अधिकारीको निवेदनको जानकारी वेबसाइटमा प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ को सम्बन्धमा**

सूचनाको हकसम्बन्धी सहयोगी पुस्तिका वितरण गर्ने सम्बन्धमा सार्वजनिक निकायका लागि केन्द्रमा मन्त्रालयमार्फत्, प्रदेशमा प्रदेश अनुगमन इकाईमार्फत्, जिल्लामा जिल्ला अनुगमन इकाईमार्फत् वितरण गर्ने, र सर्वसाधारण नागरिकका लागि सूचनाको हकका लागि राष्ट्रिय महासंघ, नेपाल पत्रकार महासंघ, डिजिटल राइट्स र नेपाल बार एशोसिएसनमार्फत् वितरणको व्यवस्था मिलाउने निर्णय भयो।

**प्रस्ताव नं. ८ को सम्बन्धमा**

सूचना आयोगहरूको अन्तर्राष्ट्रिय संगठन International Conference of Information Commissioners (ICIC) को यही जुन ३ देखि ५ सम्म अल्वानियाको तिरानामा हुने पन्ध्रौं

सम्मेलनमा भाग लिन यस आयोगलाई प्राप्त निमन्त्रणाका बारेमा जानकारी प्राप्त भयो। उक्त सम्मेलनमा भाग लिने सम्बन्धमा अप्रिल १५ भित्र जानकारी गराउनु पर्ने भएको छ। उक्त सम्मेलन सूचना आयोगहरूका लागि अत्यन्त महत्वपूर्ण सम्मेलन भएकोले यस सम्मेलनमा भाग लिनका लागि नेपाल सरकारको खर्चमा आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्, आयुक्त श्री रत्नप्रसाद मैनाली र सचिव श्री होमप्रसाद लुइटेलको मनोनयन स्वीकृतिका लागि नेपाल सरकारमा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९ को सम्बन्धमा**

सूचना आयोगहरूको अन्तर्राष्ट्रिय संगठन International Conference of International Commissioners (ICIC) को जुन ३ देखि ५ सम्म अल्वानियामा हुने पन्ध्रौं सम्मेलन सूचना आयोगहरूका लागि अत्यन्त महत्वपूर्ण सम्मेलन भएकोले उक्त सम्मेलनमा भाग लिन यस आयोगका आयुक्त श्री कमला ओली थापा र उपसचिव श्री सन्तोष कुमार दाहाललाई पनि मनोनयन गर्न नेपाल सरकारमा सिफारिस गर्ने र निजहरुको खर्च व्यवस्थापन गर्न Asia Foundation लाई अनुरोध गर्ने निर्णय भयो।

**विविध**

क) रेल विभागको च. नं. ३५५ मिति २०८०।१२।०१ को पत्रको सम्बन्धमा नेपालको संबिधानको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ' भन्ने व्यवस्था छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने व्यवस्था छ। साथै सोही दफाको उपदफा (३) मा ५ प्रकारका सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था छ। यसैगरी ऐनको दफा २८ मा सूचनाको संरक्षण र दफा ३० को उपदफा (२) मा कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था छ। यी कानुनी व्यवस्थाको पालना गर्नू गराउनू पर्ने जानकारी दिने निर्णय गरियो।

ख) पुनरावेदक चन्द्रागिरि नगरपालिका र विपक्षी यस आयोगसमेत भएको सूचना उपलब्ध गराउनू भन्ने आयोगको निर्णयविरुद्ध श्री उच्च अदालत, पाटनबाट मिति २०८०।०५।०३ मा भएको फैसलाको विरुद्ध श्री सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई पाऊँ भन्ने निवेदन श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत् दर्ता गर्ने निर्णय गरियो।




**सम्पादक मण्डल : रत्नप्रसाद मैनाली** (सूचना आयुक्त), **होम प्रसाद लुइटेल** (सचिव), **हरिहर कार्की** (शाखा अधिकृत)
**सल्लाहकार : महेन्द्र मान गुरुङ्ग** (प्रमुख सूचना आयुक्त), **कमला ओली थापा** (सूचना आयुक्त)

**प्रकाशक :**
**राष्ट्रिय सूचना आयोग**

**सूचना आयोग भवन**, त्रिपुरेश्वर, काठमाडौँ, नेपाल, **फोन नं :** ०१-४५९६५४४, **फ्याक्स नं :** ०१-४५९६५४५ **वेबसाइट :** nic.gov.np **इमेल :** info@nic.gov.np

/rtinepal /suchanaayog

राष्ट्रिय सूचना आयोग र युएसएआईडी नेपालको सहकार्यमा प्रकाशित। यस प्रकाशनभित्रका विषयवस्तु र सामग्री राष्ट्रिय सूचना आयोगको एकल जिम्मेवारी हुन्छ र यसले अमेरिकी सरकार, युएसएआईडी वा द एशिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन भन्ने जरूरी छैन।

USAID अमेरिकी जनताबाट
CIVIL SOCIETY & MEDIA STAND
The Asia Foundation